**बुद्धशान्ति गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन**

**सभाबाट स्वीकृत मिति २०७४/०६/३१**

**प्रस्तावना:**

**बुद्धशान्ति गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,**

**नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम बुद्धशान्ति गाउँसभाले यो ऐन बनाएको छ ।**

**(१) संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम 'बुद्धशान्ति गाउँपालिकाको विनियोजन ऐन, २०७४' रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**(२) आर्थिक बर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक बर्ष २०७४/०७५ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची

१ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३८,२८,२३,२५०।०० (अक्षरेपी रु. अठ्तीस करोड अठ्ठाईस लाख तेईस हजार दुई सय पचास मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**(३) विनियोजन:**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७४/०७५ को निमित्त बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० (दश) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ ।

**अनुसूची १**

**(दफा २ संग सम्वन्धित)**

**नेपालको संविधानको धारा २२९(२) बमोजिम**

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | ४,३३,६४,००० | |
| २ | पुंजीगत खर्च | १७,५५,७३,२५० | |
| ३ | सशर्त अनुदानबाट हुने खर्च | ८,१९,१७,००० | |
| ४ | सामाजिक सुरक्षा भत्ता | ८,१९,६९,००० | |
| | जम्मा विनियोजन हुने रकम | ३८,२८,२३,२५० | |